# जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था




## प्रथम वार्षिक प्रतिवेदन २०७५/७६

## First Annual Report 2018/2019

# जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

कटहरी, मोरङ

## सञ्चालक समिति



**बिक्रमराज सुबेदी**
अध्यक्ष
प्रतिनिधिः जीवन विकास समाज



**श्यामचन्द्र खतिवडा**
सञ्चालक
प्रतिनिधिः व्यक्तिगत शेयरधनी



**प्रेम कुमार मण्डल**
सञ्चालक
प्रतिनिधिः जीवन विकास समाज



**गोकर्ण खतिवडा**
सञ्चालक
प्रतिनिधिः एस.आर.हाईड्रो एण्ड ईन्भेष्टमेन्ट प्रा.लि.



**अजय कुमार मण्डल**
सञ्चालक
प्रतिनिधिः जीवन विकास समाज



**संजय कुमार मण्डल**
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

# प्रथम वार्षिक साधारण सभा सम्बन्धी सूचना

श्री संस्थापक शेयरधनी महानुभावहरु,

यस वित्तीय संस्थाको सञ्चालक समितिको २०७६ पौष ७ गते सोमवार बसेको १४औं बैठकको निर्णयानुसार प्रथम वार्षिक साधारण सभाको बैठक निम्न मिति, समय र स्थानमा देहाय बमोजिमका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकाले सम्पुर्ण संस्थापक शेयरधनी महानुभावहरुमा जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा बस्ने मिति, समय र स्थान :

**मिति : २०७६/०९/२९ गते मंगलबार (तद्नुसार १४ जनवरी, २०२०)**

**समय : विहान १०:३० बजे**

**स्थान : जीवन विकास लघुवित्त वित्तीय संस्था लि.को केन्द्रीय कार्यालय, कटहरी २, मोरङ्ग**

**छलफलका विषयहरु:**

**(क) सामान्य प्रस्तावहरु :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आर्थिक बर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. लेखा परीक्षकको प्रतिवेदन सहितको आ.व.२०७५/०७६ को वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु तथा सम्बन्धित अनुसूचीहरु छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७६/७७ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

४. सञ्चालक समितिको निर्वाचन तथा मनोनयन गर्ने सम्बन्धमा ।

**(ख) बिशेष प्रस्तावहरु :**

१. सम्बन्धित निकायको स्वीकृति लिई आफ्ना ग्राहकहरुको लागि मात्र बीमा अभिकर्ताको रुपमा कार्य गर्ने सम्बन्धमा ।

**(ग) विविध :**

सञ्चालक समितिको आज्ञाले

कम्पनी सचिव

# प्रथम वार्षिक साधारण सभा सम्बन्धी अन्य थप जानकारी

१. प्रथम वार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने फोटो सहितको आधिकारिक परिचय पत्र वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई आउन अनुरोध छ।

२. साधारण सभामा भाग लिन नसक्ने र प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरुले रीतपुर्वक प्रोक्सी फाराम भरी सभा हुनुभन्दा ४८ घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय कटहरी २, मोरङ्गमा दर्ता गराउनु पर्नेछ। यसरी नियुक्ती गरिएको प्रतिनिधि यस संस्थाको शेयरधनी हुनु पर्नेछ।

३. शेयरधनी महानुभावहरुलाई शेयरधनी दर्ता किताबमा कायम रहेको ठेगाना वा इमेल मार्फत वार्षिक प्रतिवेदन पुस्तिका पठाइने छ। कुनै कारणवश उक्त पुस्तिका प्राप्त नभएमा संस्थाको केन्द्रीय कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ।

४. साधारण सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। हाजिरी पुस्तिका विहान ९:३० बजेदेखि साधारण सभा सम्पन्न नभएसम्म खुला रहनेछ।

५. शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका मन्तव्य तथा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट अध्यक्ष आफैले वा  निजबाट आदेश पाएका व्यक्तिबाट सामुहिक रुपले उत्तर दिइनेछ।

६. छलफलका विषय सूची मध्ये विविध शीर्षक अर्न्तगत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ। सो विषय छलफलमा समावेश गरिए पनि निर्णयको रुपमा रहने छैन।

७. सञ्चालक निर्वाचन सम्बन्धी निर्वाचन कार्यक्रम निर्वाचन अधिकृतले प्रकाशन गरी संस्थाको केन्द्रीय कार्यालयमा प्रकाशित गरिने छ।

८. सभामा भाग लिन आउँदा जाँदा लागेको खर्च लगायत अन्य कुनै पनि प्रकारको खर्चको शोधभर्ना यस वित्तीय संस्थाले नदिने व्यहोरा अनुरोध छ।

अन्य थप जानकारीका लागि केन्द्रीय कार्यालय कटहरी, मोरङ्गमा कार्यालय समय भित्र कार्यालयको टेलिफोन नम्वर ९८०२७९६१९६ मा सम्पर्क राख्नु हुन अनुरोध गर्दछौं।

**साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्ने निवेदन (प्रोक्सी फारम)**
**कम्पनि ऐन, २०६३ को दफा ७१ को उपदफा (३) सँग सम्बन्धित**

श्री सञ्चालक समिति
जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड
कटहरी २, मोरङ्ग ।

विषय : प्रतिनिधि नियुक्त गरेको बारे ।

महोदय,
............जिल्ला. .. ......... ...... न.पा./गा.पा.वडा नं.. .. बस्ने म .... ...... ..... .... ..... .... .... .. ले त्यस कम्पनीको शेयरधनीको हैसियतले संवत् २०७६ साल पौष २९ गते मंगलवारका दिन हुने प्रथम वार्षिक साधारण सभामा म स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि ... ... ... .. .. .. जिल्ला .... ...... .... न.पा./गा.पा. वडा नं .. .. बस्ने त्यस कम्पनीको शेयरधनी श्री ..............................................लाई मेरो प्रतिनिधि नियुक्त गरी पठाएको छु ।

**प्रतिनिधि नियुक्त भएको व्यक्तिको :-**
हस्ताक्षरको नमूना :
नाम:
शेयर धनि नं. :
शेयर प्रमाणपत्र नं. :
हितग्राही खाता नं. :
मिति :

**निवेदक**
दस्तखत :
नाम :
ठेगाना :
शेयर प्रमाणपत्र नं. :
हितग्राही खाता नं. :
शेयर संख्या :

नोट : यो निवेदन प्रथम साधारण सभा हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड, केन्द्रीय कार्यालय कटहरीमा पेश गरी सक्नु पर्नेछ ।

✂---------------------------------------------------------------------------✂

**जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड**
**केन्द्रीय कार्यालय, कटहरी, मोरंग ।**
**प्रथम वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको**

## प्रवेश पत्र

शेयरधनीको नाम....................................................शेयरधनी नं.............. शेयर प्रमाणपत्र नं.................. हितग्राही खाता नं. .............. शेयर संख्या.................... मिति २०७६ पौष २९ गते मंगलबारका दिन हुने जीवन विकास लघुवित्त वित्तीय संस्था लि.को प्रथम वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश-पत्र ।

द्रष्टव्य : शेयरधनी आफैले सम्पूर्ण खाली ठाँउहरु भर्नुहोला । सभा कक्षमा प्रवेश गर्न यो प्रवेश-पत्र अनिवार्य हुनेछ ।

...................
कम्पनी सचिव

# जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

## Jeevan Bikas Laghubitta Bittiya Sanstha Limited

**परिचय**

मिति २०६९ साल श्रावण महिना २६ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई स्थापना भएको यस जीवन विकास लघुवित्त वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट “घ” वर्गको वित्तीय संस्थाको रुपमा कार्य गर्न २०७५ साल फाल्गुण ३ गते अनुमती प्राप्त गरी २०७५ साल फाल्गुण १६ गते जीवन विकास समाजबाट हस्तान्तरण भई आएको वित्तीय कारोवार संचालन प्रारम्भ गरेको छ । यस संस्थाले हाल देशका ७७ जिल्ला मध्ये ७ जिल्लामा ७७ वटा शाखा मार्फत् लघुवित्त सेवा प्रदान गरिरहेको छ । “गरीवी रहीत नेपाल” निर्माणको मुख्य ध्येयका साथ अघि बढेको यस वित्तीय संस्थाले बिना भेदभाव आफ्नो कार्यक्षेत्र भित्रका विपन्न तथा पिछडिएका घरपरिवारका सदस्यहरुलाई विना धितो तथा धितोमा कृषि, पशुपालन लगायत आयस्तर वृद्धि गर्न सहयोग पुग्ने विभिन्न व्यवसाय संचालनका लागि कर्जा दिदैं आईरहेको छ । यस वित्तीय संस्थाबाट २०७६ असार मसान्त सम्ममा कुल २ लाख १२ हजार ५ सय ५७ जना सदस्यहरु प्रत्यक्ष रुपमा लाभान्वित भएका छन् । यस वित्तीय संस्थाले नेपालका विपन्न तथा गरीब परिवारका सदस्यहरुलाई सचेतना जगाउदै उनीहरुमा रहेको सीप र क्षमताको आधारमा कर्जा दिने एवं बचत गर्ने बानीको विकास गरी भविष्य सुरक्षित बनाउने दिशा तर्फ उन्मुख रहेको छ । यस वित्तीय संस्थाले आफ्ना सदस्यहरुलाई वित्तीय सेवा मात्र नभई समय समयमा विभिन्न किसिमका सीपमुलक तालिम दिने, सदस्यहरुका बालबच्चाहरुको शिक्षाकालागि छात्रवृत्तिको व्यवस्था, निशुल्क स्वास्थ्य शिविर आदिको व्यवस्था गरी सदस्यहरुलाई आत्मनिर्भर बनाउनको लागि हर सम्भव प्रयास गर्दै आईरहेको छ ।

यस वित्तीय संस्थाको कार्यक्षेत्र तथा प्रमुख प्रबर्द्धक शेयरधनीहरु निम्न अनुसार रहेका छन् ।

**हाल कायम शेयर स्वामित्व:**

| क्र.सं. | शेयरधनीको नाम | शेयर बांडफांड | | | शेयर प्रतिशत कैफियत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | संस्थापक | सर्व साधारण | कुलशेयर | | |
| १ | जीवन विकास समाज | ९६०००० | - | ९६०००० | ४८ | |
| २ | समृद्धि क्यापिटल लि. | २००००० | - | २००००० | १० | |
| ३ | एस.आर.हाईड्रो एण्ड ईन्भेष्टमेन्ट प्रा.लि. | १००००० | - | १००००० | ५ | |
| ४ | निजि प्रबर्धक शेयरधनी | १४०००० | - | १४०००० | ७ | |
| | | १४००००० | - | १४००००० | ७० | |

**कार्यक्षेत्र :** नेपाल राष्ट्र बैंकबाट राष्ट्रिय स्तरमा कार्य गर्न स्वीकृत प्राप्त गरी हाल (१)मोरङ्ग (२) सुनसरी (३) झापा (४) इलाम (५) धनकुटा (६) उदयपुर र (७) सिन्धुली जिल्लामा आफ्नो लघुवित्त सेवा प्रदान गर्दै आएको छ ।

**वित्तीय संस्थाबाट उपलब्ध गराईएका सेवाहरु:** कर्जा, वचत, सुरक्षण, विप्रेषण शीप तथा क्षमता विकास तालिम ।

**<u>लक्षित वर्ग</u>:** आर्थिक उन्नती गर्न चाहने, सामुहिक हितका लागि आय तथा रोजगारीमुलक व्यवसायमा सहभागी हुन र सोको माध्यमबाट समूहको आर्थिक अवस्थामा सुधार ल्याउन प्रतिज्ञारत रहेको, अनिवार्य तालिम पुरा गरी लघु कर्जाको महत्व सम्बन्धी ज्ञान भएको, ६५ वर्ष उमेर ननाघेको, न्यून आय भएका नेपाली नागरिकलाई समूहमा आवद्ध गरिने छ ।

# विषय सूची


| क्र.सं. | विवरण | | पाना नं. |
|---|---|---|---|
| १. | सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन | | १-१० |
| २. | कम्पनी ऐन, २०६३ को दफा १०९ (४) सँग सम्बन्धित अन्य थप विवरणहरु | | ११-१२ |
| ३. | लेखापरीक्षकको प्रतिवेदन | | १३-१९ |
| | क) लेखापरीक्षकको प्रतिवेदन | | १३ |
| | ख) वासलात | | १५ |
| | ग) नाफा नोक्सान हिसाब | | १६ |
| | घ) नाफा नोक्सान बाँडफाँड हिसाब | | १७ |
| | ङ) इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण | | १८ |
| | च) नगद प्रवाह विवरण | | १९ |
| **४.** | **अनुसूचीहरु** | | **२०-४७** |
| | शेयर पूँजी तथा स्वामित्व | -अनुसूची ४.१ | |
| | जगेडा तथा कोषहरु | -अनुसूची ४.२ | |
| | ऋणपत्र तथा बण्ड | -अनुसूची ४.३ | |
| | तिर्न बाँकी कर्जा (सापटी) | -अनुसूची ४.४ | |
| | निक्षेप हिसाब | -अनुसूची ४.५ | |
| | अन्य दायित्व | -अनुसूची ४.६ | |
| | बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | -अनुसूची ४.७ | |
| | लगानी | -अनुसूची ४.८ | |
| | शेयर, डिबेन्चर तथा बण्डमा लगानी | -अनुसूची ४.८(क) | |
| | कर्जा सापट तथा विल खरिद वर्गीकरण र सोको लागि व्यवस्था | -अनुसूची ४.९ | |
| | स्थिर सम्पत्ति | -अनुसूची ४.१० | |
| | गैर बैंकिङ्ग सम्पत्ति | -अनुसूची ४.११ | |
| | अन्य सम्पत्ति | -अनुसूची ४.१२ | |
| | अन्य सम्पत्ति (थप विवरण) | - अनुसूची ४.१२(क) | |
| | सम्भावित दायित्वहरु | -अनुसूची ४.१३ | |
| | ब्याज आम्दानी | -अनुसूची ४.१४ | |
| | ब्याज खर्च | -अनुसूची ४.१५ | |
| | कमिशन तथा अन्य सञ्चालन आम्दानी | -अनुसूची ४.१६ | |
| | कर्मचारी खर्च | -अनुसूची ४.१७ | |
| | अन्य सञ्चालन खर्च | -अनुसूची ४.१८ | |
| | सम्भावित नोक्सानी व्यवस्था | -अनुसूची ४.१९ | |
| | गैर सञ्चालन आम्दानी/नोक्सान | -अनुसूची ४.२० | |
| | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | -अनुसूची ४.२१ | |
| | असामान्य कारोवारबाट भएको आम्दानी/खर्च | - अनुसूची ४.२२ | |
| | अपलेखित कर्जाको विवरण | -अनुसूची ४.२२(क) | |
| | संचालक,कार्यकारी प्रमुख, संस्थापक,कर्मचारी शेयरधनीहरुलाई गएको कर्जा सापट विवरण | -अनुसूची ४.२३ | |

# विषय सूची


| क्र.सं. | विवरण | | पाना नं. |
|---|---|---|---|
| | पूँजीकोष तालिका | -अनुसूची ४.२४ | |
| | जोखिम भारित सम्पत्ति विवरण तालिका | - अनुसूची ४.२४(क) | |
| | प्रमुख सुचकाङ्कहरु | -अनुसूची ४.२५ | |
| | प्रमुख लेखा नीतिहरु | -अनुसूची ४.२६ | |
| | लेखा सम्बन्धी टिप्पणीहरु | -अनुसूची ४.२७ | |
| | Comparision of Unadited and Audited Financial Statement of F/Y 2075/2076 | -अनुसूची ४.२९ | |
| ५. | निर्देशन फारम नं. घ ४.२ Unadited Financial Results (Quarterly) | | ४८ |
| ६. | नेपाल राष्ट्र बैंकको पत्र | | ४९-५० |
| ७. | नेपाल राष्ट्र बैंकको कैफियत सुधार पत्र | | ५१-५२ |
| ८. | सम्पूर्ण शाखा कार्यालयहरुको विवरण | | ५३-५४ |

# जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको

## प्रथम वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्ष ज्युको प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरु,

यस जीवन विकास लघुवित्त वित्तीय संस्थाको प्रथम वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, विभिन्न कार्यालयबाट प्रतिनिधित्व गरि पाल्नु भएका महानुभावहरु, पत्रकार एवं अन्य आमन्त्रित अतिथि महोदयहरुलाई वित्तीय संस्थाको संचालक समितिको तथा मेरो व्यक्तिगत तर्फबाट यहाँहरुलाई हार्दिक स्वागत गर्न पाउँदा मलाई निकै खुशी लागेको छ । लघुवित्त कार्यक्रम मार्फत् विपन्न वर्गको जीवनस्तर उठाउने उद्देश्यका साथ २०७५ फाल्गुन १६ गते देखि सेवा प्रारम्भ गरेको यस जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडले आफ्नो उद्देश्य अनुरुपको सफलता प्राप्त गर्दै आएको कुरा सगौरव राख्न चाहन्छु । अब म यस साधारण सभाको अवसरमा यहाँहरु समक्ष आ.व.२०७५/७६ मा वित्तीय संस्थाले हाँसिल गरेका देहाय बमोजिमका उपलब्धिहरुको प्रतिवेदन संचालक समितिको तर्फवाट प्रस्तुत गर्ने अनुमति माग्दै समर्थनको लागि अनुरोध गर्दछु ।

**(क) वित्तीय संस्थाको गत वर्षको कारोवारको सिंहावलोकन :**

स्थापनाकाल देखि नै वित्तीय संस्थाले सदस्यहरुलाई केन्द्र विन्दुमा राखेर गरेको सेवाको प्रतिफल स्वरुप लघुवित्त क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको कुरा यहाँहरु समक्ष राख्न पाउँदा म अत्यन्त हर्षित छु । यस आर्थिक बर्ष २०७५/७६ मा वित्तीय संस्थाको संचालन मुनाफा रु. २२ करोड १८ लाख ९४ हजार २६ मात्र रहेको छ भने खुद मुनाफा रु. २१ करोड ४१ लाख १७ हजार १ सय ६८ मात्र भएको छ । आर्थिक वर्ष २०७५/७६ मा लगानीमा रहिरहेको ऋण रकम रु. ९ अर्ब २७ करोड ६ लाख ६६ हजार ६ सय ८५ रुपैया पुगेको छ । निक्षेप तर्फ आर्थिक वर्ष २०७५/७६ मा रु. ४ अर्ब ८१ करोड ३९ लाख ४९ हजार ४३ रुपैया पुगेको छ । यस वित्तीय संस्थालाई ऋण लगानीको लागि आवश्यक पर्ने रकम विभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट समेत उपलव्ध हुने गरेको छ । यसरी विभिन्न बैंक तथा वित्तिय संस्थाहरुबाट लिएको ऋण आर्थिक वर्ष २०७५/७६ मा रु. २ अर्ब ८३ करोड १७ लाख ८६ हजार ८ सय २८ रुपैया भएको छ ।

**(१) आर्थिक वर्ष २०७५/०७६ को लक्ष्य र त्यसमा भएको प्रगति:**

आर्थिक वर्ष २०७५/७६ को अन्त्य सम्ममा कुल २१९,३१२ जना सदस्य पुऱ्याउने लक्ष्य राखिएकोमा कुल २१२,५५७ जना सदस्य पुगेको छ । लगानीमा रहिरहेको ऋण रु. १० अर्ब १५ करोड पुऱ्याउने लक्ष्य राखिएकोमा आर्थिक वर्ष २०७५/७६ मा रु. ९ अर्ब २७ करोड पुगेको छ । निक्षेप तर्फ कुल रु. ५ अर्ब ९ लाख पुऱ्याउने लक्ष्य राखिएकोमा आर्थिक वर्ष २०७५/७६ मा कुल निक्षेप रु. ४ अर्ब ८१ करोड पुगेको छ । त्यसैगरी संचालन मुनाफा तर्फ रु. २२ करोड ४४ लाख पुऱ्याउने लक्ष्य राखिएकोमा आर्थिक वर्ष २०७५/७६ मा रु. २२ करोड १९ लाख पुगेको छ ।

**(२) आर्थिक वर्ष २०७६/०७७ मा राखिएको अनुमानित लक्ष्य :**

चालु आ.व.२०७६/०७७ को अन्त्य सम्ममा २१,३४९ जना सदस्य थप गरी २२७,१९४ जना सक्रिय सदस्य पुऱ्याउन लक्ष्य रहेको छ । लगानीमा रहिरहेको ऋण रु.२ अर्ब ४ करोड ८३ लाख वृद्धि गरी रु.१२ अर्ब ८९ करोड ७४ लाख पुऱ्याउने लक्ष्य लिइएको छ भने कुल निक्षेप रु.६ अर्ब २

करोड ८४ लाख पुऱ्याउने लक्ष्य लिइएको छ । चालु आर्थिक वर्ष २०७६/०७७ को अन्त्य सम्ममा कुल संचालन मुनाफा ६७ करोड २६ लाख ९१ हजार ५ सय ९९ रुपैया र खुद मुनाफा ४२ करोड ८० लाख ७६ हजार ४ सय ७२ रुपैया पुऱ्याउने लक्ष्य राखिएको छ ।

**(३) वित्तीय संस्थाको शाखा विस्तार**

आ.व.२०७५/०७६ मा ७७ वटा शाखा मार्फत सेवा प्रदान गरेकोमा चालु आ.व.२०७६/०७७ को अन्त्य सम्ममा १२ वटा शाखा थप गरि ८९ वटा शाखा पुऱ्याउने लक्ष्य रहेको छ । यसै गरि आर्थिक वर्ष २०७५/७६ मा डिजिटल सदस्य १४६ जना रहेको छ भने आ.व.२०७६/०७७ मा १५४ जना डिजिटल सदस्य थप गरी ३०० जना पुऱ्याउने लक्ष्य रहेको छ । वित्तीय संस्थाले कार्यक्रम विस्तार गर्दा लघुवित्त सेवाबाट वञ्चित घरपरिवारलाई समेट्ने उद्देश्य अनुरुप दुर्गम पहाडी क्षेत्रलाई प्राथमिकतामा राखि शाखा कार्यालयहरु खोल्ने योजना रहेको छ भने सदस्यहरुलाई वचतको लागि प्रोत्साहन गर्न गाउँघर टोल छिमेकमा नै डिजिटल सदस्य मार्फत वचत राख्ने तथा झिक्ने व्यवस्था गरेको छ । डिजिटल सेवाले सदस्यहरुलाई आफ्नै गाउँ टोलमा नै वित्तीय कारोवार गर्न सहज भएको छ । साथै खातामा अग्रिम वचत जम्मा हुने भएकोले नगद रहित केन्द्र बैठक गर्न सकिएको छ र यसले सदस्यहरुको समयको सदुपयोग भएको छ । आ.व.२०७६/०७७ मा डिजिटल सदस्य मार्फत मर्चेन्ट सेवाहरु पनि संचालन गर्ने योजना रहेको छ ।

**(४) कर्मचारी, सदस्य तालिम तथा वृति विकास :**

यस वित्तीय संस्थामा कार्यरत कर्मचारी एवं यसमा आवद्ध सदस्यहरु नै वित्तीय संस्थाका आधार स्तम्भ भएकोले कर्मचारी एवं सदस्यहरुलाई आवश्यकता अनुसार विभिन्न किसिमका क्षमता अभिवृद्धि तथा सिप विकास तालिमहरु उपलब्ध गराउँदै आएको छ । आर्थिक वर्ष २०७५।०७६ मा तपसील अनुसार कर्मचारी तथा सदस्यहरुलाई आन्तरिक तथा बाह्य तालिम, गोष्ठी तथा सम्मेलनहरुमा सहभागी गराईएको छ ।

| क्र.सं. | विवरण | कार्यक्रम संख्या | सहभागी संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | कर्मचारीहरुको आन्तरिक तालिम तथा गोष्ठी | ३५ | १,६०० | कर्मचारीहरु दोहोरिएको |
| २ | अन्तर्राष्ट्रिय अध्ययन भ्रमण | ६ | १२ | |
| ३ | कर्मचारीहरुको बाह्य तालिम तथा गोष्ठी | १५ | ३१ | |
| ४ | सदस्यहरुलाई सीपमुलक तालिम | ६६ | २,६२२ | |

**(५) प्रविधि विकास :**

यस वित्तीय संस्थामा **"FinliteX"** Online Software System बाट तथ्यांक केन्द्रीकृत गर्नका साथै दैनिक कारोवारको अभिलेख चुस्त दुरुस्त राखि अनुगमन प्रणालीलाई प्रभावकारी बनाईएको छ । आर्थिक वर्ष २०७५/०७६ मा सबै कर्मचारी तथा डिजिटल सदस्यहरुले Android मोबाईल मार्फत् कारोबार संचालन गरी सदस्यहरुलाई भरपर्दो, छिटो, छरितो सेवा दिने गरिएकोमा चालु आर्थिक बर्ष २०७६/०७७ मा सबै शाखा कार्यालयहरुमा Android मोबाईलको प्रयोग गरी कारोबार गर्ने उद्देश्यले कर्मचारी एवं डिजिटल सदस्यहरुलाई पटक पटक तालिमको व्यवस्था गरिएको छ । जसले

गर्दा आगामी दिनमा कागजी कामको झन्झटिलो प्रक्रियालाई विस्थापित गर्नेछ भने कर्मचारीहरुको उत्पादकत्वमा समेत वृद्धि हुनेछ । सदस्यहरुलाई आफ्नो हरहिसाब हेर्न FinLiteM एप्लिकेसन प्रदान गरिएको छ । जसले सदस्यहरुलाई आफ्नो ऋण तथा बचतहरु Online हेर्न तथा आगामी किस्ताको समेत जानकारी दिने गरेको साथै संस्थाबाट संप्रेशण गरेको नयाँ जानकारी तथा सूचनाहरु समेत दिने गरेको छ । सदस्यहरु पनि प्रविधिसँग अभ्यस्त बन्ने एवं पारदर्शी र छिटो छरितो सेवा पाउने वातावरण बनेको छ । त्यस्तै मानव संशाधन विभाग अर्न्तगतका कामहरुलाई चुस्त र अद्यावधिक बनाउनका लागी HR Software, सम्पत्ति व्यवस्थापनका लागि Fixed Asset Management Software र अन्य Inventory को मौज्दात अवस्थाको जानकारीको लागी Inventory software समेत FinliteX Software मा समाहित गरी प्रयोगमा ल्याईएको छ ।

**(६) तलव तथा सुविधा सम्बन्धमा :**

आ.व.२०७५/०७६ मा जीवन विकास समाजबाट हस्तान्तरण भई आएका कर्मचारीहरुको सेवा सुविधा यथाअवस्थामा नै कायम राखियो ।

**(७) रेमिटान्स (विप्रेषण) सेवा :**

वित्तीय संस्थाले देश विदेशबाट रेमिटेन्स मार्फत आएको रकमलाई विभिन्न शाखाहरु मार्फत् भूक्तानी दिने व्यवस्था गरेको छ । हालसम्म १० वटा रेमिटान्स कम्पनीहरुसँगको साझेदारीमा यो सेवा प्रदान गरिरहेको छ ।

**(८) चुक्ता पूँजीमा वृद्धि :**

यस वित्तीय संस्थाको कुल चुक्ता पूँजी १४ करोड रहेकोमा चालु आर्थिक वर्ष २०७६/०७७ मा १:१.५ का दरले हकप्रद शेयर निश्कासन गरी रु.३५ करोड चुक्ता पूँजी पुऱ्याउने लक्ष्य रहेको छ ।

**(९) राजश्वमा योगदान :**

चालु आ.व.२०७५/७६ मा यस वित्तीय संस्थाले नेपाल सरकारलाई संस्थागत आयकर वापत रु.९ करोड २१ लाख ४५ हजार २ सय ७४ रुपैया, निक्षेपकर्ताहरुको व्याजकर वापत रु. १ करोड २५ लाख ५० हजार ६ सय ६५ रुपैया, कर्मचारीहरुको पारिश्रमिक आयकर वापत रु. १ करोड १७ लाख २७ हजार ९ सय २७ रुपैया तथा अन्य विभिन्न श्रोतमा करकट्टी वापत जम्मा रु.७ लाख ४० हजार ३ सय ६५ रुपैया गरि कुल रु.११ करोड ७१ लाख ६४ हजार २ सय ३२ रुपैया राजश्वमा योगदान गरेको छ ।

**(१०) ग्राहक संरक्षण नीति एवं अन्य महत्वपूर्ण गतिविधि:**

वित्तीय संस्थाले आफ्ना सदस्य/ग्राहकहरुको हित तथा संरक्षणका लागि अलग्गै ग्राहक संरक्षण कोष (Client Protection Fund) स्थापना गरि सो सम्बन्धी छुट्टै ग्राहक संरक्षण कोष संचालन कार्यविधि तयार गरि विभिन्न किसिमका सुविधाहरु उपलब्ध गराउँदै आएको छ । आ.व.२०७५/०७६ मा ग्राहक संरक्षण कोष अन्तर्गत उपलब्ध गराईएको सुविधा एवं रकमको विवरण निम्न अनुसार रहेको छ ।

| उपलब्ध गराइएका सुविधाहरु | खर्च रकम |
|---|---|
| काज क्रिया खर्च (सदस्यको मृत्यू) | १,२५५,००० |
| काज क्रिया खर्च (अभिभावकको मृत्यू) | १,३१५,००० |
| सदस्यको भित्री अंगको शल्यक्रिया | ७४२,००० |

| | |
|---|---|
| सदस्य सुत्केरी भएको (सामान्य) | ५२०,००० |
| सदस्य सुत्केरी भएको (शल्यक्रिया) | ७३०,००० |
| सर्पदंश | १८,००० |
| अन्य जनावरले टोकेको | ६४,००० |
| बाढी, पहिरो, आंधीमा सदस्यको घर भत्केको | ५४,००० |
| सदस्य वा श्रीमानको मृत्यू भएकोले ऋण मिनाहा | ४१४,१३० |
| सदस्यहरुको अध्ययन भ्रमण | ४००,५७१ |
| सदस्य तथा अभिभावकलाई बित्तीय साक्षरता तालिम | ९२३,८३३ |
| सदस्यहरुलाई क्षमता अभिवृद्धि तालिम | ७२७,१६७ |
| सदस्यका छोरा छोरीलाई छात्रवृति खर्च | ६००,८०० |
| केन्द्र तथा सदस्यहरुलाई पुरस्कार तथा प्रोत्साहन खर्च | ३७,४५५ |
| वीमा खर्च (ऋण सुरक्षण) | १३७,६४३ |
| जम्मा | ७,९३९,५९९ |

- **जीवन विकास बालशिक्षा कार्यक्रम:** नेपालमा गरीबीको रेखामुनि रहेका परिवारका बालवालिकाहरुको साक्षरता दर न्यून रहेको छ । यस कार्यक्रमले कार्यक्षेत्र अन्तर्गत रहेका विद्यालय जाने उमेर भएर पनि विद्यालय नगएका तथा विद्यालय गएर छोडेका बाल बालिकाहरुलाई आधुनिक मन्टेश्वरी प्रविधिको प्रयोग गरी शिक्षा प्रदान गर्ने गरिएको छ । यस कार्यक्रमले गरीब विपन्नका बाल बच्चाहरु समेत सामाजिक तथा शैक्षिक स्तरमा अगाडि आउन सक्ने भएकोले हालसम्म ३३६ जना विद्यार्थीहरुलाई अध्ययनको लागि सहयोग गरिएको छ भने हाल ४ वटा बालशिक्षा विद्यालय मार्फत १३१ जना विद्यार्थीहरुलाई सहयोग गर्दै आएको छ ।
- **नव विहानी कार्यक्रम:** नेपाली समुदायमा बालिकाहरुका लागि शिक्षा मात्र नभई अन्य सामाजिक दृष्टिकोणबाट समेत बहिस्कृत हुनुपर्ने बाध्यताहरु प्रसस्त छन् । बालिकाहरुलाई विद्यालय शिक्षा सम्मको पहुँच नै पहिलो चुनौति हो भने पहुँच पुगे तापनि पढाईलाई निरन्तरता दिने अर्को चुनौती रहेको छ । त्यसमाथि बाल विवाह, बाल श्रम, घरेलु हिंसा, सामाजिक कुप्रथा जस्ता जटिल समस्या समेत चुनौतीका रुपमा रहेको छ । उल्लेखित समस्याहरुको उचित किसिमले सम्बोधन गर्दै बालिकाहरुको अधिकारलाई सुनिश्चितता प्रदान गर्नका साथै तिनीहरुमा वित्तीय साक्षरता पुऱ्याउनको लागि १० देखि १९ वर्षसम्मका किशोरी (बालिका)हरुलाई परिचालन गरी नव विहानी कार्यक्रम संचालन गरिएको छ । हाल २३ वटा सामुदायिक विद्यालयहरुमा ४४ वटा समूह मार्फत ८५४ जना किशोरीहरु यस कार्यक्रममा संलग्न रहेका छन् ।
- **दिगो विकासका लागि आवास कार्यक्रम:** लघुवित्त कार्यक्रमले विपन्नहरुलाई संगठित गरी आर्थिक कारोवारमा सहभागिता गराई वित्तीय साक्षरता लगायत शिक्षा, स्वास्थ्य र आर्थिक विकासमा टेवा पुऱ्याएको भएता पनि दिगो तथा प्रभावकारी आर्थिक विकास हुन नसकिरहेको अवस्थालाई मध्यनजर गर्दै सुरक्षित आवासको अवधारणा ल्याइएको हो । सडकको पेटी, नहरको डिल, खोला किनार आदीमा वसोवास गर्ने अधिकांश परिवारहरु एकातिर प्राकृतिक प्रकोपको जोखिममा छन् भने अर्को तर्फ स्थानीय निकायको विकास निर्माण जस्तै: सडक विस्तार तथा निर्माण, नहर सरसफाई, खोलामा तटवन्धन निर्माण आदी कार्यका लागि बाधक बन्न बाध्य भएका छन् । यस किसिमका

कठिनाईहरुबाट मुक्त गर्दै भुमिहीन सुकुम्वासी तथा आवास बिहीन सदस्यहरुको दिगो विकासका लागि आवास कार्यक्रम संचालन गरिएको छ । यस कार्यक्रम अन्तर्गत वित्तीय संस्थाले भुमिहीन सदस्यहरुलाई जग्गा खरिदका लागि वित्तीय सहयोग प्रदान गर्ने तथा आफ्नै जग्गामा सुरक्षित आवास निर्माणमा सहयोग गर्दै आईरहेको छ । यस कार्यक्रममा Habitat For Humanity International र स्थानीय निकायले समेत सहयोग गर्दै आएको छ । कार्यक्रमले हालसम्म ६९० जना भुमिहीन सदस्यहरुलाई जग्गाधनी/घरधनी बनाउन सफल भएको छ भने मोरङ्ग र सुनसरीमा ४ वटा नमुना वस्ती निर्माण गरिएको छ जसमा ७२ जना भुमिहीन सदस्यहरुको लागि घर निर्माण गरिएको छ । आ.व.२०७६/०७७ मा समेत यो कार्यक्रमलाई प्राथमिकतामा राखी कार्य संचालन गरिने छ ।

- **घर आंगन तरकारी खेती कार्यक्रम:** यस कार्यक्रमले विपन्न गरीब परिवारलाई अत्याधिक कम लागत र थोरै ठाउँमा पनि आफैले घरमा फलाएको विशादी रहित ताजा तरकारी खानलाई सहयोग गर्दछ । यसले एकातिर सदस्यहरुको आर्थिक अवस्थामा टेवा पुर्याउछ भने अर्को तिर स्वस्थ रहन पनि सहयोग गरेको छ । कार्यक्रमले उच्च गुणस्तरको तरकारी, खाद्यान्नका बीज तथा फलफूलको बिरुवाहरु उपलब्ध गराउनुका साथै प्राविधिक परामर्श सेवा समेत उपलब्ध गराइरहेको छ ।
- **वित्तीय संस्थाले आ.व.२०७५/०७६ मा गरेका थप कार्यहरु यस प्रकार रहेका छन्:**
  - २०७५ सालमा आएको प्राकृतिक प्रकोप बाढीबाट पिडित १७०० भन्दा बढी बाढी पिडितहरुलाई न्यानोको लागि सुत्ने मेट्रेक्स तथा खानाको व्यवस्था गरिएको छ ।
  - यस वित्तीय संस्थाले हरेक शाखाका उत्कृष्ट ३ वटा केन्द्र, ३ जना ऋणीलाई पुरस्कार र प्रमाणपत्रको व्यवस्था गरेको छ भने ३ वटा उत्कृष्ट शाखा, ३ जना शाखा प्रमुख तथा ३ जना फिल्ड कर्मचारीलाई पुरस्कार तथा प्रमाण पत्रको व्यवस्था गरेको छ । साथै बित्तीय संस्थालाई महत्वपूर्ण योगदान गर्ने सदस्य, कर्मचारी तथा सर्वसाधारणलाई प्रमाणपत्र तथा नगद पुरस्कार उपलब्ध गराउँदै आएको छ ।
  - सदस्यहरुलाई नि:शुल्क रुपमा व्यवसायिक तालिम दिई लघुउद्यमी बन्न उत्प्रेरित गरिएको छ ।
  - शाखाको केन्द्रहरुमा पुनरताजगी तालिम, अभिभावक भेला तथा अन्तरक्रिया कार्यक्रमहरु संचालन गरिएको छ भने हरेक बर्ष झैं यस बर्ष पनि धेरै शाखाहरुमा केन्द्र प्रमुख गोष्ठी गरी सदस्य तथा अभिभावकहरुको वित्तीय संस्था प्रतिको गुनासो एवं सुझाव संकलन गर्ने कार्य सम्पन्न गरीएको छ । साथै आवश्यकता अनुसार प्राप्त गुनासा एवं सुझावहरुलाई समेटि नीति नियममा परिमार्जन गरिने छ ।
  - सदस्य एवं अभिभावकहरुलाई वित्तीय साक्षरता सम्बन्धि ज्ञान दिने उद्देश्यले प्रत्येक शाखाले आवश्यकता अनुसार वित्तीय साक्षरता सम्बन्धि तालिम संचालन गरेको छ ।
  - विराटनगर अस्पताल प्रा.लि., विराट मेडिकल कलेज टिचिङ्ग हस्पिटल टंकिसिनूवारी, मोरंग, शूभ स्वस्तिक हस्पिटल बर्दिवास, महोत्तरी तथा जीवन विकास पब्लिक हेल्थ सेन्टर, कटहरी, मोरंगमा स्वास्थ्य सेवा सम्बन्धी सहकार्य गरिएको छ । यस सहकार्य अनुसार उक्त स्वास्थ्य संस्थाहरुमा जीवन विकास लघुवित्त वित्तीय संस्थामा आवद्ध सदस्य, कर्मचारी तथा उनीहरुका परिवारका सदस्यहरुको उपचारमा २० देखि ५० प्रतिशतसम्म सहुलियतको व्यवस्था गरिएको छ । आ.व.२०७५/०७६ सम्म निम्नानुसारको सदस्यहरुलाई स्वास्थ्य सेवा लगायत अन्य सुविधाहरु प्रदान गरिएको छ ।

| विवरण | संख्या |
|---|---|
| शिविर (आँखा, दाँत, साधारण स्वास्थ्य) | ४५ |
| शिविरमा लाभ लिएका संख्या | ४३१९ |
| शल्यक्रिया (आँखा तथा अन्य) | १०५१ |
| शाखामा सामान्य स्वस्थ्य परीक्षण (रक्तचाप तथा मधूमेह) | ५६१३ |
| विरामी सेवा (जीवन विकास पब्लिक हेल्थ सेन्टर) | २९७७ |
| कुल सेवाग्राही | ७२९६ |

- **PPI (Progress Out of Poverty Index)**

  पी.पी.आई गरीबीको स्तर मापन गर्ने विश्वव्यापी उपकरण हो । पी.पी.आई ले घर परिवारको Living Standard को आधारमा परिवारको गरीबीको स्तर मापन गर्ने काम गर्दछ । यस विधिले परिवार संख्या, घरको अवस्था, सामाजिक अवस्था र सम्पत्तिको स्वामित्वको बारेमा १० प्रश्नहरूको उत्तरको आधारमा सो परिवार गरीवीको कुन स्तरमा रहेको भन्ने मापन गर्दछ । पी.पी.आईको माध्यमबाट संस्थाहरुले आफ्ना सदस्यहरूको सम्भावित गरीबीको स्तर पहिचान गर्न सक्दछ ।

  नेपालमा गरीबीको स्तर मापन गर्ने भरपर्दो माध्यमहरु नरहेको र यसको सर्वेक्षणमा समय र लागत अत्याधिक लाग्ने भएकोले गरीबी न्युनिकरणको क्षेत्रमा काम गर्ने संघ संस्थाहरुले यसलाई एउटा जटिल कामको रुपमा लिईएको पाईन्छ । यस वित्तीय संस्थाले आ.व. २०७५।०७६ देखी आफ्ना सदस्यहरुको पी.पी.आई मार्फत गरीबीको स्तर मापन गर्ने कामको शुरुवात गरेको छ । साथै भविष्यमा गरीबीको स्तरको आधारमा सदस्य प्रगति कार्ड (Member Growth Card) समेत जारी गर्ने योजनामा रहेको छ । जीवन विकासमा आवद्ध सदस्यहरुको पी.पी.आईको अवस्था २०७६ असारसम्म निम्नानुसारको रहेको छ ।

**गरीबीको स्तर**




**निष्कर्ष:**

सन २०१५ मा UNDP द्वारा प्रकाशित मानव विकास सूचकांक सम्बन्धि प्रतिवेदनले नेपालमा गरीबीको स्तर २१.६% रहेको देखाएको छ । वित्तीय संस्थाले २०७६ आसार मसान्तमा संस्थामा आवद्ध सदस्यहरुको गरीबीको स्तर PPI Tool मार्फत मापन गर्दा National Food Poverty अन्तर्गत १.१६%, National १००% मा ८.८१% र International $1.25 अन्तर्गत  १०.५९% मात्र गरीबी रहेको पाईएको छ ।

**(११) भावि कार्यक्रम :**

- हालसम्म वित्तीय सस्थाले सदस्य एवं उनीहरुका अभिभावकहरुलाई व्यवसायिक तालिम दिदैं आएको र यस्ता तालिमहरुले सदस्यहरुलाई लघुउद्यमी बन्न उत्प्रेरित गरेकोले यस्ता व्यवसायिक तालिमलाई अझै विविधिकरण गरी सदस्यको व्यवसाय प्रर्वद्धन गर्ने खालका कार्यक्रमहरु ल्याईने छ ।
- हाल लघुवित्त क्षेत्रमा प्रमुख समस्याको रुपमा रहेको सदस्य दोहोरोपना (Duplication) एवं सदस्य छोड्ने दर (Dropout Rate) लाई कम गर्न वित्तीय संस्थाले जीवन विकासमा मात्र बस्ने सदस्यको लागि विशेष सुविधाहरु दिने गरेकोमा आवश्यकता अनुसार यसमा क्रमशः वृद्धि गर्दै लगिने छ ।
- यस वित्तीय संस्थाले खडा गरेको ग्राहक संरक्षण कोष (Client Protection fund) बाट सदस्यहरुको सामुहिक हित हुने कार्य, सदस्यहरुको व्यवसायको प्रवर्द्धन, सदस्यहरुको शिक्षा र क्षमता विकास तथा समस्यामा परेका ऋणीहरुको व्यवसायको सुरक्षण एवं पुनर्स्थापना गर्ने कार्यमा खर्च गरिनेछ ।
- वित्तीय संस्थाले आगामि दिनमा संभव भए सम्म आफ्ना सबै कारोबारलाई Digitized गर्दै लैजाने लक्ष्य लिएको छ । कर्मचारी एवं सदस्यहरुलाई प्रविधि सँग अभ्यस्त बनाई उत्पादकत्वमा वृद्धि हुने कार्यलाई विशेष प्राथमिकता दिईनेछ ।

**(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबारलाई कुनै असर परे नपरेको :**
खासै असर नपरेको देखिन्छ ।

**(ग) व्यवस्थापन तथा व्यावसायिक सम्बन्ध :**
यस वित्तीय संस्थाको कारोवार गर्ने शिलसिलामा सम्वद्ध सबै क्षेत्रहरुसँग सौहार्दपूर्ण सम्बन्ध रहँदै आएको छ । वित्तीय संस्थाले स्थापित गरेका नैतिक मुल्य मान्यतालाई आधार मान्दै अगाडि बढेकाले यस वित्तीय संस्थाको व्यवस्थापन र कर्मचारीहरु विचको सम्बन्ध सुमधुर रहेको छ । साथै समय समयमा सम्बन्धित ऐन कानुन तथा नियमनकारी निकायहरुबाट प्राप्त हुने निर्देशनहरुको पालनाबाट संस्था झनै बलियो हुदै गईरहेको छ । आगामी दिनमा समेत संस्थागत सुशासन एवं व्यवसायिक सम्बन्ध विस्तारमा वित्तीय संस्था प्रतिबद्ध रहेको कुरा यहाँहरु समक्ष राख्न चाहन्छु ।

**(घ) लेखापरीक्षण समिति र सो समितिले गरेका काम कारवाहीको विवरण :**
यस वित्तीय संस्थाको लेखापरीक्षण समितिमा आर्थिक वर्ष २०७५/०७६ मा गैर संचालक श्री प्रेम कुमार मण्डल ज्यूको संयोजकत्वमा वित्तीय संस्थाका विभागिय प्रमुख श्री रमेश राय सदस्य र श्री रोहित भण्डारी सदस्य सचिव रहनु भएको छ । आन्तरिक लेखा परीक्षणका लागि ८ जना कर्मचारीहरुको व्यवस्था गरी प्रत्येक शाखामा त्रैमासिक रुपमा लेखापरीक्षण कार्य सम्पन्न गरी लेखापरीक्षण प्रतिवेदन समितिका संयोजकलाई बुझाउने व्यवस्था गरिएको छ । आवश्यकता अनुसार लेखा परीक्षण समितिको बैठक बसी प्राप्त प्रतिवेदनहरुमा देखिएको कैफियतहरुको बारेमा छलफल गरी संचालक समितिलाई सुझाव दिइन्छ । यसरी वित्तीय संस्थाको आन्तरिक नियन्त्रणको प्रभावकारिता अभिवृद्धि गर्न आन्तरिक नीति नियम एवं नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन तथा अन्य प्रचलित व्यवस्था बमोजिम कामहरु भए नभएको हेरी लेखापरीक्षण समितिले सुधारात्मक कारवाहीको लागि व्यवस्थापनलाई निर्देशन दिने तथा संचालक समिति समक्ष सुझाव पेश गर्ने गर्दछ ।

**(ङ) अन्य समिति/उपसमिति र सो को काम कारवाहीको विवरण :**

**(१) कर्मचारी सेवा सुविधा समिति :**

यस वित्तीय सस्थाको कर्मचारी सेवा सुविधा समितिमा गैर कार्यकारी संचालक श्री श्याम चन्द्र खतिवडा ज्यूको संयोजकत्वमा मानव ससाधन विभाग प्रमुख विजय कुमार मण्डल सदस्य सचिव र लेखा विभाग प्रमुख अंजय कुमार मण्डल सदस्य रहनु भएको छ । यस समितिको बैठक आवश्यकता अनुसार वस्ने गरेको छ । यस समितिले वित्तिय संस्थाका कर्मचारीहरुको पारिश्रमिक निर्धारण नीति तर्जुमा गर्न संचालक समितिलाई सहयोग गर्ने तथा पारिश्रमिक निर्धारण नीति वमोजिम प्रचलित कानुन तथा नीति निर्देशनमा उल्लिखित व्यवस्थाहरुको पालना हुने गरी सम्पूर्ण कर्मचारीहरुको पारिश्रमिक वृद्धि गर्नुपर्ने देखिएमा सोको आधारहरु सहित संचालक समितिमा सिफारिस गर्ने, जनशक्ति व्यवस्थापन सम्वन्धी कार्यहरु भर्ना, छनौट, नियुक्ती, पदस्थापन, सरुवा, बढुवा आदिको मापदण्डहरु तयार गरि संचालक समिति समक्ष पेश गर्ने तथा नेपाल राष्ट्र बैंकबाट यस समितिले गर्ने भनि तोकिएका कार्यहरु गर्ने गर्दछ ।

**(२) जोखिम व्यवस्थापन समिति :**

यस वित्तीय सस्थाको जोखिम व्यवस्थापन समितिमा गैर कार्यकारी संचालक श्री अजय कुमार मण्डल ज्यूको संयोजकत्वमा संचालक श्री प्रेम कुमार मण्डल, प्रमुख कार्यकारी अधिकृत श्री संजय कुमार मण्डल, लघुवित्त विभाग प्रमुख मनोज कुमार साह सदस्य र कर्जा अधिकृत श्री शिव कुमार राम सदस्य सचिव रहनु भएको छ । यस समितिको बैठक तीन महिनामा कम्तीमा एक पटक वस्ने गरेको छ । यस समितिले विद्यमान जोखिम पहिचान तथा व्यवस्थापन प्रणालीको पर्याप्तता र उपयुक्तता सम्वन्धमा संचालक समितिलाई जानकारी गराउने र उपयुक्त प्रणालीको विकासको लागि सुझाव दिने, व्यवसायिक गतिविधिमा निहित जोखिमको स्तर, जोखिम वहन क्षमता, जोखिम व्यवस्थापनको लागि विकास गरेको रणनीति आदिको सम्वन्धमा संचालक समितिमा सुझाव पेश गर्ने, जोखिम सम्पत्ति अनुसार पुंजीको पर्याप्तता, तरलताको स्थिति, व्याजदर परिवर्तनवाट पर्न सक्ने जोखिम, तथा अन्य जोखिमहरुको नियमिति रुपमा छलफल तथा विश्लेषण गरि संचालक समितिलाई आवश्यक राय तथा सुझाव दिने तथा नेपाल राष्ट्र बैंकबाट यस समितिले गर्ने भनि तोकिएका कार्यहरु गर्ने गर्दछ ।

**(३) सम्पत्ति शुद्धीकरण अनुगमन समिति:**

यस वित्तीय सस्थाको सम्पत्ती शुद्धीकरण अनुगमन समितिमा गैर कार्यकारी संचालक श्री गोकर्ण खतिवडा ज्यूको संयोजकत्वमा मानव संसाधन विभाग प्रमुख श्री बिजय कुमार मण्डल ज्यू सदस्य एवं लघुवित्त विभाग प्रमुख श्री मनोज कुमार साह सदस्य सचिव रहनु भएको छ । यस समितिको बैठक आवश्यकता अनुसार वस्ने गरेको छ । यस समितिले सम्पत्ति शुद्धिकरण सम्वन्धि अनुगमन गर्ने तथा नेपाल राष्ट्र बैंकबाट यस समितिले गर्ने भनि तोकिएका कार्यहरु गर्ने गर्दछ ।

**(४) कर्जा समिति:**

यस वित्तीय सस्थाको कर्जा समितिमा प्रमुख कार्यकारी अधिकृत श्री संजय कुमार मण्डल ज्यूको संयोजकत्वमा लघुवित्त विभाग प्रमुख मनोज कुमार साह सदस्य तथा कर्जा अधिकृत श्री शिव कुमार राम सदस्य सचिव रहनु भएको छ । यस समितिको बैठक आवश्यकता अनुसार वस्ने गरेको

छ । यस समितिले कर्जा गुणस्तर सम्वन्धि अनुगमन गर्ने तथा नेपाल राष्ट्र बैंकबाट यस समितिले गर्ने भनि तोकिएका कार्यहरु गर्ने गर्दछ ।

**(च) कारोबारलाई असर पार्ने मुख्य कुराहरु:**

यस वित्तीय संस्थाको कारोवारलाई मुख्य गरी निम्न लिखित कुराहरुले असर पार्ने देखिन्छ । यस्तो असरहरुबाट बचेर वित्तीय संस्थालाई प्रभावकारी ढंगबाट अगाडी बढाउन हामी प्रयत्नशिल छौं ।

- मुल्य वृद्धि, मौद्रिक तथा वित्तीय नीति लगायत अप्रत्याशित रुपमा हुने नीतिगत परिर्वतन एवं निर्देशनबाट समस्या श्रृजना हुन सक्ने देखिन्छ ।
- लघुवित्त संस्थाहरुको संख्यात्मक वृद्धिसंगै देखिएको अस्वस्थ प्रतिस्पर्धा, सदस्यहरु धेरै संस्थामा बसि क्षमता भन्दा बढि कर्जा चलाउने (Over Indebtedness) प्रवृत्ति, पुराना कर्मचारीको बहिर्गमनले गर्दा असर पर्ने देखिन्छ ।
- बाणिज्य बैंकहरु र अन्य वित्तीय संस्थाबाट थोक रुपमा उपलब्ध हुंदै आएको विपन्न वर्ग कर्जाको व्याजदरमा हुने उतारचढावले पनि वित्तीय संस्थाको लागतमा असर पर्ने गरेको छ ।

**(छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिकृया:**

आ.व.२०७५/०७६ मा नियुक्त हुनु भएका लेखापरीक्षक श्री अश्विनी बंशल (ए. बंशल एण्ड एसोसिएट्स) ले लेखापरीक्षण गर्नु भएको छ । यस प्रतिवेदनका साथ संलग्न लेखापरीक्षण प्रतिवेदन र लेखा विवरणहरुले वित्तीय संस्थाको यथार्थ स्थितीको चित्रण गरेको छ । लेखापरीक्षकको प्रतिवेदनमाथि संचालक समितिको तर्फबाट कुनै उल्लेख्य टिप्पणी रहेको छैन ।

**(ज) आन्तरिक नियन्त्रण प्रणाली र सोको विस्तृत विवरण:**

वित्तीय संस्थामा सुशासन कायम गरी स्वचालित ढंगले संचालन गर्न विभिन्न आन्तरिक नियन्त्रण प्रणाली अवलम्बन गरिएको छ । त्यसका लागि नियमित अनुगमन, आन्तरिक लेखापरीक्षण, प्रशासनिक नियन्त्रण, कम्प्यूटरकृत अभिलेख प्रणाली, मासिक रुपमा कर्मचारीको स्व-मुल्यांकनको व्यवस्थाका साथै हरेक विषयमा मासिक लक्ष्य कायम गरि वार्षिक योजना तथा कार्यक्रमको व्यवस्था गरिएको छ । त्यसै गरी वित्तीय संस्था संचालनको लागि आवश्यक विभिन्न विनियम तथा निर्देशिकाहरु तयार गर्ने, आवश्यकतानुसार परिमार्जन गर्ने र सोही अनुरुप कार्य संचालन गर्ने गरिएको छ ।

**(झ) आभार प्रकट :**

आजको यस पुनित अवसरमा वित्तीय संस्थामा आबद्ध भई कारोबार गर्ने सम्पूर्ण सदस्यहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । समयमै लेखापरीक्षण कार्य सम्पन्न गरी वित्तीय संस्थालाई आवश्यक सुझावहरु समेत दिने वाह्य लेखापरीक्षकलाई संचालक समितिको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु । यस वित्तीय संस्थालाई सफल तथा परिणाममुखी बनाउन सहयोग गर्नुहुने शुभ चिन्तक, शेयरधनी महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । जीवन विकास समाज, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, बैंक तथा वित्तीय संस्थाहरु, संघसंस्था तथा पत्रकार बन्धुहरु लगायत यस वित्तीय संस्थालाई प्रत्यक्ष एवं अप्रत्यक्ष रुपमा सहयोग पुर्‍याउनु हुने सम्पूर्णमा यस वित्तीय संस्थाको तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । अन्त्यमा, विशेष गरी

शेयरधनी महानुभावहरुले हामी माथि दर्शाउनु भएको विश्वास, सहयोग र सद्भाव प्रति म सम्पूर्ण शेयरधनी महानुभावहरुलाई पुनः सञ्चालक समिति तथा वित्तीय संस्था परिवारको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । साथै, कार्यक्रमलाई जनस्तरसम्म लैजान पुलको रुपमा रही काम गर्नुहुने सम्पूर्ण कर्मचारीहरु तथा सदस्यहरुको अनुशासन, लगनशिलता र इमान्दारीताको पुनः स्मरण र प्रशंसा गर्दछु । यस वित्तीय संस्थालाई सर्वोत्कृष्ट बनाउनको लागि विगतमा झैं आउँदा दिनहरुमा पनि यहाँहरु सबै शुभ चिन्तकहरुबाट अमुल्य सल्लाह सुझाव तथा शुभेच्छाको अपेक्षा गर्दै, आउँदा दिनहरुलाई अझ उपलब्धिमुलक बनाउने प्रण सहित उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद,

# सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने

कम्पनी ऐन, २०६३ को दफा १०९ (४) संग सम्बन्धित अन्य थप विवरणहरु

**१. शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मुल्य, त्यस्तो शेयर जफत हुनु भन्दा अगावै सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर वापत रकम फिर्ता गरेको भए सोको विवरण:**

आर्थिक वर्ष २०७५/०७६ मा कुनै किसिमको शेयरहरु जफत गर्ने कार्य नभएको ।

**२. विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन:**

यस वित्तीय संस्थाको कुनै पनि सहायक कम्पनी नभएको ।

**३. आधारभुत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :**

यस आर्थिक वर्षमा आधारभुत शेयरधनीहरुबाट वित्तीय संस्थालाई छुट्टै रुपमा कुनै जानकारी प्राप्त भएको छैन ।

**४. विगत आर्थिक वर्षमा सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र शेयर कारोबारमा निजहरुको संलग्नता:**

**क. सञ्चालक समिति पदाधिकारी :**

| क्र.सं. | नाम | पद | प्रतिनिधित्व | शेयर स्वामित्व कित्ता | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | बिक्रम राज सुवेदी | अध्यक्ष | जीवन विकास समाज | - | - |
| २ | गोकर्ण खतिवडा | सञ्चालक | एस.आर.हाईड्रो एण्ड ईन्भेष्टमेन्ट प्रा.लि. | - | - |
| ३ | श्यामचन्द्र खतिवडा | सञ्चालक | व्यक्तिगत शेयरधनी | १९००० | ०.९५ |
| ४ | अजय कुमार मण्डल | सञ्चालक | जीवन विकास समाज | ४००० | ०.२० |
| ५ | प्रेम कुमार मण्डल | सञ्चालक | जीवन विकास समाज | ४००० | ०.२० |

**ख. व्यवस्थापन पदाधिकारी :**

| क्र.सं. | कर्मचारीको नाम | हालको पद | शेयर स्वामित्व कित्ता | प्रतिशत |
|---|---|---|---|---|
| १ | संजय कुमार मण्डल | प्रमुख कार्यकारी अधिकृत | १०८६० | ०.५४ |
| २ | दामोदर रेग्मी | नायब प्रमुख कार्यकारी अधिकृत | १३००० | ०.६५ |
| ३ | बिजय कुमार मण्डल | बरिष्ठ प्रबन्धक | - | - |
| ४ | सुदिप कुमार मण्डल | प्रबन्धक | - | - |
| ५ | मनोज कुमार साह | प्रबन्धक | - | - |
| ६ | बिनोद प्रसाद साह | प्रबन्धक | ९००० | ०.४५ |

वित्तीय संस्थाका संचालक एवं व्यवस्थापन पदाधिकारीहरुले वित्तीय संस्थाबाट निष्काशन गरिएको शेयर खरिद गर्ने र साधारण सभाबाट पारित लाभांश ग्रहण गर्ने बाहेक शेयर कारोवारमा अन्य कुनै संलग्नता नभएको ।

**५. विगत आर्थिक वर्षमा कम्पनीसंग कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा :**

विगत आर्थिक वर्षमा यस वित्तीय संस्थासंग सम्बन्धित सम्झौताहरुमा यस कम्पनीका कुनै संचालक तथा निजका नजिकको नातेदारको व्यक्तिगत स्वार्थ नरहेको ।

**६. कम्पनीले आफ्नो शेयर आफैले खरिद गरे नगरेको, गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मुल्यः**
आर्थिक वर्ष २०७५/०७६ मा वित्तीय संस्थाले आफ्नो शेयर आफै खरिद गरेको छैन ।

**७. गत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :**
आर्थिक वर्ष २०७५/०७६ मा यस वित्तीय संस्थाको कुल व्यवस्थापन खर्च निम्न बमोजिम रु.१३ करोड १० लाख ८८ हजार ५७१ रुपैया पैसा ३९ मात्र रहेको छ ।
(क) कर्मचारी खर्च रु.१०,९४,२१,७८८।९५
(ख) कार्यालय संचालन खर्च रु.२,१६,६६,७८२।४४

**८. सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभुत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए नभएको :**
वित्तीय संस्थाका सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभुत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी रहेको छैन।

**८. सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**
(क) संचालक समितिसंग सम्वन्धित :

| | |
|---|---|
| बैठक भत्ता | : अध्यक्ष रु.२,०००।०० र संचालक रु.२,०००।०० प्रति वैठक |
| पत्रपत्रिका | : अध्यक्षलाई रु. ० मासिक र संचालकलाई रु. ० मासिक |
| संचार खर्च | : अध्यक्षलाई रु. ० मासिक र संचालकलाई रु. ० मासिक |
| स्वदेश भ्रमणमा दैनिक भत्ता | : अध्यक्ष एवं संचालकलाई दैनिक रु.१,०००।०० तथा वास्तवीक लागेको यातायात खर्च |
| बिदेश भ्रमणमा दैनिक भत्ता | : अध्यक्ष एवं संचालकलाई भारतका लागि दैनिक रु.१,०००।०० भारु र अन्य मुलुकका लागि ९० डलर |

(ख) कार्यकारी प्रमुखलाई आ.व.२०७५/०७६ मा भुक्तानी भएको पारिश्रमिक सुविधाहरु :

| क्र.सं. | विवरण | प्रमुख कार्यकारी अधिकृत |
|---|---|---|
| १ | तलब | १३,७१,८३५.५० |
| २ | भत्ता | ८,४१,३१३.५० |
| ३ | दशै भत्ता | - |
| ४ | संचय कोष | १,३७,१८२.५० |
| | जम्मा | २३,५०,३३१.५० |

(ग) कार्यकारी प्रमुख र व्यवस्थापकीय/प्रवन्धक स्तरका कर्मचारी पदाधिकारीहरुलाई तलवभत्ताको साथै निम्न सुविधाहरु दिईएको छ ।
१. वोनस सम्वन्धमा : वोनस ऐन अनुसार
२. उपदान सम्वन्धमा : कर्मचारी सेवा विनीयमावलीमा व्यवस्था गरे अनुसार ।
३. कार्यकारी प्रमुखलाई औषधी उपचार वीमा वार्षिक रु.१ लाख वरावर तथा अन्य व्यवस्थापकीय/प्रवन्धकलाई वार्षिक रु.१ लाख वरावर र दुर्घटना विमा कार्यकारी प्रमुख लगायत सम्पूर्ण कर्मचारीलाई बार्षिक रु.७ लाख वरावर ।

**१०. शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम :**
हालसम्म कुनै लाभांश वितरण गरिएको छैन ।

**११. कम्पनी ऐन तथा प्रचलित कानुन बमोजिम संचालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुराहरु :** नभएको ।

**१२. अन्य आवश्यक कुराहरु :** नभएको

PAN: 301099196

**A. BANSAL & ASSOCIATES**
CHARTERED ACCOUNTANTS

CA ASWANI BANSAL
ICAN M.NO. 135, COP NO. : 113

नेपाल राष्ट्र बैकको निर्देशन अनुसार तयार गरिएको
**जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको विवरण उपर**
स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

**वित्तीय विवरण उपर प्रतिवेदन**

हामीले **जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड**को यसै साथ संलग्न २०७६।०३।३१ (१६ जुलाई २०१९) को वासलात, मिति २०७५।११।१६ देखी २०७६।०३।३१ मा समाप्त भएको अवधिको नाफा नोक्सान हिसाव, नाफा नोक्सान वाडफाड हिसाव, नगद प्रवाह विवरण, इक्यिूटीमा भएको परिवर्तन र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्वन्धी टिप्पणीहरुको लेखा परिक्षण सम्पन्न गरेका छौ । व्यवस्थापनले यी वित्तीय विवरणहरु नेपाल राष्ट्र वैकको निर्देशन अनुसार तयार गरिएको छ ।

**राय**

हाम्रो रायमा, संलग्न वित्तिय विवरणहरुले **जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड** को २०७६।०३।३१ (१६ जुलाई २०१९) गतेको वित्तीय स्थिति र मिति २०७५।११।१६ देखी २०७६।०३।३१ मा समाप्त भएको अवधिको संचालन नतिजा र नगत प्रवाहको वैक तथा वित्तिय संस्था सम्वन्धी ऐन २०७३ र नेपाल राष्ट्र वैकको निर्देशन अनुसार यथार्थ चित्रण गर्दछ ।

**प्रतिदावी राय**

संस्थाको वित्तिय विवरणहरु नेपाल चार्टर्ड एकाउण्टेण्ट संस्था द्वारा मिती २०७३।०४।०१ (१६ जुलाई २०१६) गते देखि लागु हुने गरि जारी गरिएको नेपाल वित्तिय प्रतिवेदन मानहरु (Nepal Financial Reporting Standards) अनुसार तयार गरिएका छैनन । तसर्थ संस्थाको वित्तिय विवरणहरुमा नेपाल वित्तिय प्रतिवेदन मान अनुसारको वित्तिय स्थितीमा मेरो राय दिन सक्ने अवस्थामा छैनौं ।

**वित्तिय विवरणहरुप्रति व्यवस्थापनको जिम्मेवारी**

नेपाल राष्ट्र बैकको निर्देशन अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्र प्रणालीको तर्जुमा जसले जालसाजी वा गल्ती वाट होस् सारभुत किसिमले त्रुटिरहित वित्तीय विवरण तयार गर्ने, लेखानीतिहरुको छनौट एवं परिस्थिति अनुसार लेखासम्वन्धी महत्वपुर्ण अनुमान गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी**

लेखापरीक्षणको आधारमा वित्तीय विवरणहरु उपर मन्तव्य व्यक्त गर्नु हाम्रो दायित्व हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान बमोजिम सम्पन्न गरेका छौ । ती मानले हामीलाई व्यावसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटिरहित भएको वारेमा मनासिन आश्वासन प्राप्त गर्न लेखापरीक्षणको योजना वनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउछन् ।

A. Bansal & Associates Chartered Accountants Biratnagar Cop No:-113

Shahi Marga, Tintolia, Biratnagar-10, Morang, Nepal
Ph. No. : +977-21-417495, 417100, Mob.: +977-9852022454, E -mail: bansalcabrt@gmail.com

PAN: 301099196

**A. BANSAL & ASSOCIATES**
CHARTERED ACCOUNTANTS

CA ASWANI BANSAL
ICAN M.NO. 135, COP NO. : 113

लेखापरीक्षण अन्तर्गत वित्तिय विवरणमा उल्लेखित रकम र खुलासालाई पुष्टि गर्ने प्रमाण प्राप्त गर्न सम्पन्न गरिने कार्यविधि संलग्न हुन्छ । यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीवाट होस सारभुत रुपमा त्रुटियुक्त प्रस्तुति हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यावसायिक निर्णयमा आधारीत छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा, हामीले माइक्रोफाइनान्सको आन्तरीक नियन्त्रणउपर नै राय व्यक्त गर्ने उद्देश्यले नभै, परिस्थितिअनुसार हाम्रो लेखा परीक्षण कार्यविधि तयार गर्दा माइक्रोफाइनान्सले वित्तिय विवरण तयार एवं प्रस्तुति गर्ने क्रममा अवलम्वन गएको आन्तरीक नियन्त्रण प्रणलीको विश्लेषण गरेका छौ । लेखापरीक्षणमा व्यवस्थापनद्धारा प्रयोगमा ल्याइएको लेखा सिद्धान्तहरु एव गरिएका महत्वपूर्ण अनुमानहरुको उपयुक्तताको मूल्याङनका साथै समग्र वित्तीय विवरण प्रस्तुतिको लेखाजोखा समेत समावेश हुन्छ ।
हाम्र लेखापरिक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

**अन्य कानुनी तथा नियमक निकायका आवश्यकता सम्बन्धि प्रतिवेदन**

हामीद्धारा सम्पन्न गरिएको लेखापरीक्षण को आधारमा देहायका प्रतिवेदन पेश गर्दछौ :-

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सुचना तथा स्पष्टिकरणहरु सम्पुर्ण रुपमा पाएका छौ ।

ख) यो प्रतिवेदनसंग सम्बन्धित संलग्न बासलात, नाफा नोक्सान हिसाव, नाफानोक्सान बांडफाट हिसाव, इक्विटीमा भएको परिवर्तन र नगद प्रवाह विवरण र संलग्न अनुसुचीहरु नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार तयार गरिनुको साथै संस्थाले राखेको हिसाव किताव, बहिखाता श्रेस्ता र लेखासंग दुरुस्त रहेकाछन् ।

ग) नेपाल राष्ट्र बैंक निर्देशन अनुसार संस्थाको ब्याज आम्दानी हिसाव नगद प्राप्तीको आधारमा लेखाङ्कन गरेको छ ।

घ) हामीले संस्थाको श्रेस्ता लेखा परीक्षणको समयमा संस्थाको संचालक समिति वा त्यसका सदस्य वा कुनै पनि प्रतिनिधी वा कुनै पदाधिकारी ले प्रचलित कानुन विपरित कुनै कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थालाई हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन । कर्मचारीहरु मध्ये केही कर्मचारीहरुले हिसाब हिनामिना गरेकोमा आवश्यक कानुनी कारवाही गरी असुल उपर गरेको पाएका छौ ।

ङ) संस्थाले गरेको कार्य आफ्नो कार्यक्षेत्र भित्र रहेको पाइयो ।

च) हाम्रो रायमा हामीले लेखापरीक्षण गरेको श्रेस्ताहरुको आधारमा संस्थाले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम पर्याप्त **पुजीकोष नरहेको पाईयो** जसको विवरण अनुसुची ४.२४ मा रहेको छ । सम्पत्तिमा सम्भावित नोक्सानीको लागि पर्याप्त व्यवस्था गरेको छ ।

छ) संस्थाले यस आ.व. मा कुनै कर्जा अपलेखन गरेको छैन ।

ज) संस्थाले नेपाल राष्ट्र बैंकले दिएको निर्देशन अनुरुप कार्य गरेको छ ।

झ) संस्थाले लगानीकर्ताहरुको हित संरक्षण विरुद्ध कार्य गरेको देखिएन ।

ञ) संस्थामा लेखा सम्बन्धी कुनै जालसाजी भएको, संस्थाको श्रेस्ता र लेखा परिक्षणबाट हाम्रो जानकारीमा आएन ।

स्थान : विराटनगर
मिति : २०७६।०८।११

सि.ए. अश्विनी बंसल
प्रोप्राईटर

A. Bansal & Associates Biratnagar Cop No:-113 Chartered Accountants

# जीवन विकास लघुवित्त बित्तीय संस्था लिमिटेड

**२०७६ साल आषाढ मसान्तको**

## वासलात

| पुंजी तथा दायित्व | अनुसूची | यस आ.व.रु. | गत आ.व.रु. |
|---|---|---|---|
| १. शेयर पुंजी | ४.१ | १४०,०००,०००।०० | १४०,०००,०००।०० |
| २. जगेडा तथा कोषहरु | ४.२ | ३६२,२१२,४३२।०४ | (१९९,७८१।४२) |
| ३. ऋणपत्र तथा बन्ड | ४.३ | - | - |
| ४. तिर्न बाँकी कर्जा तथा सापट | ४.४ | २,८३१,७८६,८२८।०१ | - |
| ५. निक्षेप दायित्व | ४.५ | ४,८१३,९४९,०४३।७७ | - |
| ६. प्रस्तावित लाभांश | | - | - |
| ७. आयकर दायित्व | | - | - |
| ८. अन्य दायित्व | ४.६ | १,८६७,५००,०३९।६९ | ४,६१२,६४०।०० |
| कूल पुंजी तथा दायित्व | | १०,०१५,४४८,३४३।५१ | १४४,४१२,८५८।५८ |
| | | | |
| सम्पत्ति | अनुसूची | यस आ.व.रु. | गत आ.व. रु. |
| १. नगद मौज्दात | | ११,०१९,००५।६७ | - |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौन्दात | | ३९,०००,०००।०० | ७५,१६९,५८५।०० |
| ३. बैंक /तथा वित्तीय संस्थामा रहेको मौज्दात | ४.७ | ५१६,६५८,२१७।४० | ६८,८९५,९०९।६८ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | | - | - |
| ५. लगानी | ४.८ | - | - |
| ६. कर्जा सापट | ४.९ | ९,१६१,४२१,१३३।५० | - |
| ७. स्थिर सम्पत्ति | ४.१० | ५२,३८२,७७९।७१ | - |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | ४.११ | - | - |
| ९. अन्य सम्पत्ति | ४.१२ | २३४,९६७,२०७।२३ | ३४७,३६३।९० |
| कुल सम्पत्ति | | १०,०१५,४४८,३४३।५१ | १४४,४१२,८५८।५८ |
| | | | |
| संभावित दायित्व | | अनुसूची ४.१३ | |
| सञ्चालकहरुको घोषणा | | अनुसूची ४.२३ | |
| पुंजीकोष तालिका | | अनुसूची ४.२४ | |
| जोखिम भारित सम्पत्ति विवरण तालिका | | अनुसूची ४.२४ (क) | |
| प्रमुख सूचाङ्कहरु | | अनुसूची ४.२५ | |
| प्रमुख लेखा नीतिहरु | | अनुसूची ४.२६ | |
| लेखा सम्बन्धी टिप्पणीहरु | | अनुसूची ४.२७ | |

४.१ देखि ४.१३ सम्मका अनुसूचीहरु वासलातका अभिन्न अंग हुन् ।

संलग्न प्रतिवेदन अनुसार

| | | | |
|---|---|---|---|
| ............................ | ............................ | ............................ | ............................ |
| अंजय कुमार मण्डल<br>लेखा प्रमुख | संजय कुमार मण्डल<br>प्रमुख कार्यकारी अधिकृत | श्यामचन्द्र खतिवडा<br>संचालक | सिए. अश्विनी बंशल<br>ए.बंशल एण्ड एसोसिएट्स<br>चाटर्ड एकाउन्टेन्ट |
| ............................ | ............................ | ............................ | ............................ |
| गोकर्ण खतिवडा<br>संचालक | अजय कुमार मण्डल<br>संचालक | प्रेम कुमार मण्डल<br>संचालक | बिक्रम राज सुवेदी<br>अध्यक्ष |

# जीवन विकास लघुवित्त बित्तीय संस्था लिमिटेड
## २०७६ साल आषाढ मसान्तको
## नाफा नोक्सान हिसाब

| विवरण | अनुसूची | यस आ.व.रु. | गत आ.व.रु. |
|---|---|---|---|
| १. ब्याज आम्दानी | ४.१४ | ६१०,०१६,५४२।६३ | २४,७३९।५८ |
| २. ब्याज खर्च | ४.१५ | २९९,४८७,६९०।७९ | - |
| खुद ब्याज आम्दानी | | ३१०,५२८,८५१।८४ | २४,७३९।५८ |
| ३. कमिशन, डिस्काउण्ट तथा अन्य संचालन आम्दानी | ४.१६ | ४९,५१०,८६६।३४ | - |
| ४. सटही घटबढ आम्दानी | | | |
| कुल सञ्चालन आम्दानी | | ३६०,०३९,७१८।१८ | २४,७३९।५८ |
| ५. कर्मचारी खर्च | ४.१७ | १०९,४२१,७८८।९५ | - |
| ६. अन्य सञ्चालन खर्च | ४.१८ | २१,६६६,७८२।४४ | ६५,२००।०० |
| ७. सटही घटबढ नोक्सान | | - | |
| सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा | | २२८,९५१,१४६।७९ | (४०,४६०।४२) |
| ८. सम्भावित नोक्सानि व्यवस्थाहरु | ४.१९ | ७,०५७,१२०।७१ | - |
